# लेटाङ नगरपालिका मोरङको आ.व. २०७४/७५ को
# तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
# प्रतिवेदन २०७५

स्थानिय तहमा सेवाग्राहिका रुपमा आएका सर्वसाधारणहरु प्रति सेवा प्रदायक निकाय वाट भएगरेका क्रियाकला, नगर विकास योजना तर्जुमा र संचालन, दलित तथा पिछडा वर्गका लागि संचालित कार्यक्रम, सामाजिक सुरक्षा भत्ता वितरण, नागरिकहरको सुरक्षा, स्वास्थ्य र सरसफाई सम्बन्धि नागरिकहरले उठाएका प्रश्न, जिज्ञासा र असन्तुष्टिहरुलाई सार्वजनिक थलोमा नै दोहोरो संवाद बाट स्पष्टता गर्ने र सेवाग्राहिहरु वाट प्राप्त रचनात्मक सुझावहरुलाई ग्रहण गरि जिम्मेवारी संस्कार बसाउने उदेश्यले लेटाङ नगरपालिका मोरङको आ.व. २०७४/०७५ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम एकता मिडिया प्रा.लि. रेडियो सुसेलीको सहजिकरणमा जनसेवा सामुदायिक वनको सभाहलमा मिति २०७५/०३/२९ गतेका दिन सम्पन्न भएको छ ।

लेटाङ नगरपालिकाका नगर प्रमुख शंकर राईको अध्यक्षतामा भएको कार्यक्रममा नगर उप-प्रमुख कृष्ण कुमारी निरौला (पोखेल), प्रमुख प्रशासकिय अधिकृत हरी प्रसाद चाँपागाई, प्रशासकिय अधिकृत पुण्य प्रसाद पौडेल, ईलाका प्रहरी प्रमुख योगराज खतिवडा, वडा नं. १ का वडाअध्यक्ष विष्णु कुमार मगर, वडा नं. २ का वडाअध्यक्ष तेज प्रसाद तिम्सिना, वडा नं. ३ का वडाअध्यक्ष देवराज चाम्लिङ, वडा नं. ४ का वडाअध्यक्ष सन्तोष कार्की, वडा नं. ५ का वडाअध्यक्ष, जंगवीर तामाङ, वडा नं. ८ का भिम प्रसाद पोखेल, वडा नं. ९ का कृष्ण प्रसाद लुईटेलको आतिथ्यता रहको थियो । यसै गरि अतिथिहरुमा स्थानिय संघ संस्थाका प्रतिनिधि, महिला तथा बालवालिका, अपांगता भएका हरुका प्रतिनिधि एवं स्थानिय तहका विभिन्न शाखाका प्रमुखहरु, सञ्चारकर्मी, उद्योगी व्यापारि तथा विभिन्न पार्टिका प्रतिनिधिहरु रहेका थिए ।

आसनग्रहणकै क्रममा सहजकर्ता बाबुराम निरौलाले उपस्थित विभिन्न उपभाक्ता समिति, शिक्षक, विद्यार्थी, सार्वजनिक सुनुवाईमा चासो राखी उपस्थित भएका महानुभावहरुलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गराउनु भएको थियो ।

कार्यक्रममा बाबुराम निरौलाले सार्वजनिक सुनुवाई कार्यक्रम सभ्य र मर्यादित बनाउन आचारसंहिता वचन गरि अनुमोदन गराउनुभयो ।

राष्ट्रिय गान बाट सुरु भएको कार्यक्रममा नगर उप-प्रमुख कृष्ण कुमारी निरौला (पोखेल)ले स्वागत मन्तव्य दिनु भएको थियो । स्वागत मन्तव्य पश्चात नगर प्रमुख शंकर राईले औपचारिक रुपमा कार्यक्रम सुरु भएको घोषणा साथै सहजकर्ताले लेटाङ नगरपालिकाको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा व्यक्त गरिएका

प्रतिबद्धता, प्रश्नहरु र समस्या समाधान बारे के भएको छ भनि नगर प्रमुख संग जिज्ञासा प्रस्तुत गर्नभयो । जिज्ञासा बारे जानकारी जानकारी गराउदै नगर प्रमुखले लेटाङ, नगरवासीहरुले उज्यालोमा बस्न पाउनु पर्छ भन्ने उद्देश्य राखी १ वर्ष भित्र सबै ठाउमा वत्ति पुग्नेछ भनि स्पस्टता पर्नुभयो ।

कार्यक्रमलाई अगाडि बढाउदै लेटाङ न.पा.का प्रमुख प्रशासकिय अधिकृत हरि प्रसाद चापागाई लाइ आ.व. २०७४/०७५ को कार्यक्रम, बजेट, योजना बारे प्रस्तुत गर्न अनुमति प्रदान गर्नु भएको थियो । प्रमुख प्रशासकिय अधिकृत हरि प्रसाद चापागाईले लेटाङ न.पा.को आम्दानी खर्च बजेट प्रस्तुत गर्नु भयो ।

जसअनुसार आ.व. ०७४/०७५ को कुल बजेट रु.३० करोड २३ लाख ०२ हजार १ सय ९५ रुपैया त्यसै गरी पुजीगत खर्च रु २५ करोड ६८ लाख १३ हजार ४ सय ९१ रुपैया रहेको थियो ।

| **क.स.** | **कार्यक्रम** | **आम्दानी** | **खर्च** | **प्रतिशत** |
|---|---|---|---|---|
| १ | कृषि कर्मचारी तलब | ६,४०,०००। | ६,४०,०००। | १०० |
| २ | स्वास्थ्य तलब | १,८५,९३,०००। | १५९५२२५०। | ८५।७९ |
| ३ | शिक्षा तलब | ८,८९,०२,०००। | ८,४१,८२,९९५। | ९४।६९ |
| ४ | नगरपालिका चालु | ५,३७,८८,२६२। | ४,१४,४२,९४५। | ७७।८४ |
| ५ | नगरपालिका पुँजीगत | १२,७५,३५,३६३।४३ | १०,३१,५४,०३५। | ८०।८८ |
| ६ | पशु शाखा | ७७,४०,५७०। | ७४,९८,२७१। | ९६।९९ |
| ७ | किषि विकास शाखा | ५१,१३,०००। | ३९,४२,९९५। | ७७।१२ |
| | | **३०,२३,०२,१९५।४३** | **२५,६८,१३,४९१।** | |
| | | | | |
| १ | आन्तरिक आम्दानी अनुमान | आन्तरिक आम्दानी | | |
| | ७५,००,०००। | ६२,७९,७९९। | | |
| ३ | राजश्व वार्डफाड | | | |
| | ५५,००,०००। | | | |

प्रस्तुत प्रतिवेदन माथि नागरिक हरुले जिज्ञासा/असन्तुष्टि तथा प्रश्न गरेका थिए । प्राप्त प्रश्न हरुलाई प्रमुख प्रशासकिय अधिकृतले स्पष्टता पार्नुभएको थियो । तत्पश्चात एकता मिडियो प्रा.लि. रेडियो सुसेलीले सेवाग्राही नागरिकहरु संग भरिएका प्रश्नावली फारम नागरिक प्रतिवेदन भाग १, भाग २ र वहिर्गमन अभिमत (exit Poll) बाट प्रप्त असन्तुष्टि/जिज्ञासाको निचोड , प्रश्नहरु नगर प्रमुख, प्रमुख कार्यकारी अधिकृत तथा नगर उप-प्रमसखहरु लाई Power Point बाट प्रस्तुत गरिएको थियो ।

Power Point **बाट प्रस्तुत गरिएका लेटाङ नगरपालिकाका प्रश्नहरु**

१. कर्मचारीलाइ तालिम दिनुपर्ने
२.विद्यालयमा अध्ययनरत गरिव वर्गका बालबालिकालाई खाजाको व्यवस्था गरिनुपर्ने
३ लेटाङ वडा नं. १मा हाल सम्म बिजुलि छैन, बाटो छैन , खानेपानिको पनि समस्या छ फोन सम्पर्क तथा सूचनाका लागि मोवाइल टावर छैन ? यस लेटाङ नगरपालिका बाट १५ किलोमिटर माथि भएर कि किन यस समस्यालाई यसलाई नपाले समाधानका लागि ध्यान नदिएको ?
४बैज्ञानिक बन व्यवस्थापन गरिनुपर्ने
५ महिलाहरुका लागि तालिमको अभाव छ र भएका तालिमका बारेमा पनि जानकारी छैन
६. स्थानीय उत्पादन लाई नपाले ध्यान दिनुपर्ने ?
७ लेटाङ आफैमा कृषि योग्य भूमि भएकाले नगरपालिकाले कृषिकालाई आधुनिक प्रणालि भित्राउनु पर्ने आफुले उत्पादन गरेको सामग्री चाहेको उचित मुल्यमा वेच्न पाउनु पर्ने
८. किर्तीमान भाउन्नेको बाटो कालोपत्रे हुनुपर्‍यो ।
९. विकास निमार्ण कार्यक्रम ६०/४० नभएर नपाले नै १०० प्रतिशत व्यहोनुपर्ने ।
१०. वाराङगीमा बत्ती छैन सिचाइको पनि समस्या छ ।
११. वडा नं. ३ को विराटकृषि सडकमा होमपाइप छैन । पानि ल्याउने बाटो छैन
१२. कार्यालय व्यवस्थीत छैन
१३. वाराङगीमा विजुली कहिले पुग्छ ?

उपरोक्त प्रश्नहरुको वुदागत हिसावमा नगर प्रमुख शंकर राई स्पष्ट पार्नु भएको थियो । नगरले नगरवासीहरुका हितमा काम गरिरहेको र कतिपय कानुनका अभावमा कार्यान्वयन गर्न कठिनाई भएको कुरा अवगत गराउदै प्रदेशका कानुन बन्ना साथ लेटाङ न.पा. लाई पूर्वकै उत्कृष्ट नगरपालिका बनाउने र नगरवासीहरलाई गौरवसाली नगरवासीको अनुभुति दिलाउने जानकारी दिनु भयो ।

अन्त्यमा वडा नं. ५ का वडाअध्यक्ष सन्तोष कार्कीले धन्यवाद ज्ञापन गर्दै रेडियो सुसेलीले लेटाङ नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरि यहाँका जनताहरु लाई विकास निर्माण कार्यमा सक्रिय हुने भुमिका निर्वाह गरेकाले धन्यवाद ज्ञापन गर्दै सम्पुण उपस्थित नगरवासीहरु वाट नगर निर्माणमा सकारात्मक सहयोग प्रप्त हुने विश्वास गर्दै विहान १२:१५ वजे सुरु भएको कार्यक्रम बेलुकी ०४:२५ मा सम्पन्न भयो ।

**प्रतिवेदक**
खडानन्द ढुंगाना
एकता मिडिया प्रा.लि.
रेडियो सुसेली १०६.३ मे.ह.